## राष्ट्रिय...

संविधान जारी गर्ने विषयमा होस् वा अन्य विषयमा पक्ष विपक्ष लिएका दलहरु सीमाका विषयमा भने एकजुट भएका छन् ।

प्रतिनिधिसभाले विधेयक पारित गरेपनि यसले कानुनी मान्यता लिन अझै केही दिन लाग्ने भएको छ । प्रतिनिधिसभाबाट पारित भएको विधेयक अब राष्ट्रिय सभामा गएको छ । प्रतिनिधिसभाले शनिबार नै उक्त विधेयक पारित भएको सन्देश राष्ट्रियसभामा पठाएको छ । राष्ट्रिय सभामा उक्त विधेयकमाथिको कारबाही आइतबारबाट सुरु गर्ने तयारी भइरहेको छ ।

प्रतिनिधिसभाको सन्देशसहित नेपालको संविधान (दोस्रो संशोधन) विधेयक, २०७७ राष्ट्रिय सभाको आइतबारको बैठकमा प्रस्तुत हुने भएको छ ।

संघीय संसदमा सहायक प्रवक्ता दशरथ धमलाका अनुसार राष्ट्रिय सभामा संविधान संशोधन विधेयकमाथि आइतबार नै सैद्धान्तिक छलफल गर्न तयारी भइरहेको छ । 'राष्ट्रिय सभामा पनि संविधान संशोधन विधेयकमाथि सैद्धान्तिक छलफल हुन्छ । त्यसपछि संशोधनका लागि ७२ घण्टाको म्याद हुन्छ ।

संशोधनको समय सकिएपछि प्रतिनिधिसभामा भएकोजस्तै राष्ट्रिय सभा बैठकमा दफावार छलफल गरेर पारित गर्ने प्रक्रिया हुन्छ', प्रवक्ता धमलाले भने ।

राष्ट्रिय सभाले संशोधन विधेयक पारित भएको सन्देश प्रतिनिधिसभालाई पठाउनेछ । त्यसपछि सभामुख अग्निप्रसाद सापकोटाले प्रमाणित गरेर प्रमाणीकरणका लागि राष्ट्रपति विद्यादेवी भण्डारीकहाँ पठाउनेछन् । राष्ट्रपतिले उक्त विधेयक प्रमाणीकरण गरेपछि संशोधन कार्यान्वयनमा आउछ । त्यसपछि नेपालको निसान छापमा नयाँ नक्सा राखेर कामकाजमा आउनेछ ।

कार्यान्वयनमा आएपछि नेपालको निशान छाप प्रयोग हुने सम्पूर्ण सरकारी लेटरप्याड, होर्डिड् बोर्ड र ब्याचजस्ता सामग्रीहरू परिवर्तन गर्नु पर्ने हुन्छ । विधेयक जारी भएपछि दार्चुला जिल्लामा रहेको पश्चिमपट्टिको भागमा लामो चुच्चो देखिनेछ । जहा लिम्पियाधुरा, कालापानी र लिपुलेक समावेश भएका हुनेछन् ।

## मधेशवादी...

छन् । अनेकन असहमति एकातिर थन्काएर राष्ट्रिय एकता र सार्वभौमसत्ताको पक्षमा उभिन कुनै दल जात धर्म अनि स्थान विशेष नहुने भन्दै सीमा रक्षाका लागि हिमाल पहाड र तराई एक भएको सन्देश दिए ।

राजपा नेता राजेन्द्र महतोले जनसंख्या र भूगोल दुबै हिसावले मधेश सीमाको सिपाही भएको भन्दै राष्ट्रियताका सवालमा मधेशीको अग्नि परीक्षा लिन बन्द गर्नुपर्ने भनाई राखे । संसदमा बोल्दै गर्दा उनले भने, 'तपाईले राष्ट्रघाती भने पनि प्रत्येक मधेशीले सिपाही भएर सीमाको रक्षा गरेको छ ।

कति पटक अग्नि परीक्षा दिने हामीले ? सभामुख महोदय, यो संविधानप्रतिको यावत असन्तुष्टिका बावजुद हाम्रो पार्टी भूमि फिर्ता ल्याउन गरिन लागिएको यो संसोधन विधेयकको सहर्ष समर्थन गर्छ ।'

समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले कालापानी, लिपुलेक र लिम्पियाधुरामा विवाद रहेको विषयमा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले बि. स. २०७१ मा पनि स्वीकार गरेको स्मरण गराएका छन् । संविधान संशोधनको समर्थन गर्दै उनले भारतसँग गरिएको महाकाली सन्धि पनि सच्याउनुपर्ने बताएका छन् ।

प्रतिपक्षीले समेत सरकारको समर्थनमा कुनै कुन्जुस्याई नगर्दै सार्वभौमिकता, राष्ट्रिय अखण्डताका सवालमा ऐक्यबद्धता जनायो । कांग्रेस सभापति शेरबहादुर देउवा भने, 'सुगौली सन्धि १८१६ अनुसार काली नदी पूर्वको जमिन नेपालको हो भन्ने स्पष्ट छ । अंग्रेजले छापेको नक्सामा पनि स्पष्ट छ र चिनियाा नक्सामा पनि कुटियाङ्दी भन्ने उल्लेख छ ।

त्यसको अर्थ काली नदी भन्ने हुन्छ । काली नदी पूर्वको भाग नेपालको हो भन्ने स्पष्ट छ र दुईमत छैन ।' मुलुकको सार्वभौमिकता, अखण्डता र राष्ट्रिय हितका लागि राष्ट्रिय एकता रहेको देउवाको भनाइ थियो । उनले भने, 'राष्ट्रियताको यो विषयमा समर्थन देखिनु नेपालको हितमा देखिएको छ । यो अत्यन्तै महत्वपूर्ण छ ।'

सत्तारुढ नेपाल कम्युनिष्ट पार्टीका अध्यक्ष पुष्पकमल दाहालले भने राजतन्त्रले गुमाएको भाग गणतन्त्रले फिर्ता ल्याएको बताए । प्रचण्डले यसलाई भारतसँग नेपालले दुश्मनी गर्न खोजेको रूपमा नबुभन आग्रह पनि गरे ।

पहिले भारतले आफ्नो नक्सामा विवादित क्षेत्र राखेपछि गत वर्षको नोभेम्बरदेखि नै वार्ताका निम्ति नेपालका तर्फबाट पहल भइरहेकोमा अचानक भारतका जिम्मेवार मन्त्रीले विवादित भूमिबाट जाने गरी बनाइएको सडकको उदघाटन गरेर नेपालीलाई उद्वेलित, तरङ्गित बनाएर उनीहरूको राष्ट्रिय भावनालाई चुनौती दिएको प्रचण्डले उल्लेख गरे । 'प्रकारान्तरले उक्त कदमले नेपाललाई एकताबद्ध हुन घच्घच्यायो', उनको भनाई थियो ।

## १२ अनुपस्थित....

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका ज्ञानकुमारी छन्त्याल, सूर्यबहादुर केसी र नागेन्द्र कुमार चौधरी मतदानमा सहभागी भएनन् । उनि तीनै जना विरामी रहेकाले उपस्थित नभएको सचेतक पुष्पा भुसालले बताइन् ।

राजपाका सांसद अमृता अग्रहरी बैठकमा सहभागि भएपनि मतदान सुरु हुनु अघि बैठक कक्षबाट बाहिरिएकी थिइन् । 'म बैठकमा गएको थिएँ । डाइरिया भयो । संसद भवनको ट्वाइलेट कति आउने जाने गर्नु भनेर घर आएँपछि पानी पनि पर्‍यो । जान पाइएन', अग्रहरीले भनिन् ।

राजपाकै अर्की सांसद दुलारी देवी खत्वेनी भने छोराको विवाहमा सहभागी हुन सप्तरी पुगेकी छिन् । राजपाका अनुपस्थित अर्का सांसद प्रमोद साहले पनि आफ्नो स्वास्थ्यको कारण उपस्थित हुन नसकेको बताए ।

समाजवादी पार्टीका दुई सांसद मत विभाजनमा अनुपस्थित भएका थिए । समाजवादी पार्टीकी सांसद सरिता गिरी बैठकमा सहभागि भएपनि बहिष्कार गरेर हिँडेकी थिइन् । समाजवादीकै अर्का सांसद सूर्य नारायण यादवले भने आफू व्यक्तिगत कारणले सप्तरी आएको बताए ।

चार सांसद भने निलम्बनमा परेका छन् । विजयकुमार गच्छदार, रेमशलाल चौधरी, मोहम्मद अफताव आलम र हरिनारायण रौनियार निलम्बनमा रहेर मतदान गर्न पाएनन् । सभामुख सापकोटाले पनि कानुन अनुसार मतदान गरेनन् । मत बराबर भएमात्र सभामुखले मतदान गर्न पाउने अधिकार रहेको छ ।

## ऐतिहासिक...

सीमा विवादलाई लिएर राखेको जिज्ञासामा नरवणेले भने, 'हामीहरुको नेपालसँग अत्यन्त घनिष्ट सम्बन्ध छ । हामीहरुबीच भौगोलिक, सास्कृतिक, ऐतिहासिक र परम्परागत सम्पर्क छ । जनस्तरमा पनि त्यत्तिकै बलियो सम्पर्क छ । हामी बीचको सम्बन्ध सधैं बलियो रहँदै आएको छ र भविष्यमा पनि रहिरहनेछ ।'

# जुलुसमा जाँदै हुनुहुन्छ ? सर्ला नि कोरोना

-रमेश लम्साल

काठमाडौं । पछिल्ला दिनमा राजधानी काठमाडौंलगायत देशका विभिन्न स्थानमा अनावश्यकरुपमा भइरहेको प्रदर्शनका कारण कोरोना भाइरसको सङ्क्रमणको जोखिम बढ्न सक्ने देखिएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार प्रदर्शनका क्रममा नारा लगाउँदा कोरोना भाइरस सङ्क्रमित भएका व्यक्तिबाट कोरोनाको भाइरस सङ्क्रमण हुने सम्भावना बढी हुने देखिन्छ । मन्त्रालयले लकडाउनका समयमा अनावश्यकरुपमा भीडभाड नगर्न तथा प्रदर्शन नगर्न र नगराउनसमेत आग्रह गरेको छ । पछिल्ला दिनमा सङ्क्रमणको मात्रा बढ्दै गएको छ । पछिल्लो २४ घण्टामा कूल २७३ जनामा नयाँ सङ्क्रमण देखिएको छ । उक्त सङ्ख्यासहित कूल सङ्क्रमितको सङ्ख्या पाँच हजार ३३५ पुगेको छ । यस्तै क्वारेन्टिनमा रहेकाको सङ्ख्या एक लाख ५० हजार बढी रहेका छन् । लकडाउनका समयमा समाजिक दूरी कायम गर्नुपर्ने तथा स्वास्थ्य सुरक्षा अपनाउनुपर्ने भए पनि विभिन्न नाममा भइरहेको प्रदर्शनले थप जोखिम बढाएको छ । शान्तिपूर्णरुपमा भेला हुन पाउने र विरोध प्रदर्शन गर्न पाउने नागरिकको हक भए पनि विपद्को समयमा सरकारको आग्रहलाई लत्याएर गरिने व्यवहारले थप त्रास र भय सिर्जना गरेको पाइएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता प्राडाजागेश्वर गौतमका अनुसार कोरोनाको जोखिम रहेको समयमा अनावश्यकरुपमा गरिने प्रदर्शनले थप समस्या निम्त्याउँछ । उनले विपद्का समयमा सामाजिक दूरी कायम राख्न र अनावश्यकरुपमा प्रदर्शन नगर्नसमेत आग्रह गरे । सरकारले आगामी असारको १५ गतेदेखि पिसिआर परीक्षणको दायरा बढाएर दैनिक १० हजार बराबरको पुऱ्याउने तयारी गरेको छ । त्यसका लागि पिसिआर किट तथा मेशिनकोसमेत प्रबन्ध गरिरहेको छ । यस्तै निजी क्षेत्रको विद म्यानेजमेन्टले समेत थप २५ थान पिसिआर मेशिन एक सातामा भित्र्याउने तयारी गरेको छ । अनावश्यकरुपमा भीडभाड गर्दा वा नारा जुलुस गर्दा कोरोनाको सङ्क्रमण फैलिएको खण्डमा सरकारले बढाउने भनेको परीक्षणको सङ्ख्या र मात्रासमेत अपुग हुने सम्भावना रहन्छ । प्रदर्शनमा एक जना मात्रै सङ्क्रमित व्यक्ति उपस्थित भए त्यसले सयौंलाई सार्ने सम्भावना रहन्छ । प्रवक्ता गौतमले भने- 'नारा लगाउँदा कोरोना भाइरस एकैपटक धेरै निस्कने र सङ्क्रमणको मात्रा बढी हुन्छ, त्यसका कारण सामाजिक दूरी कायम गर्नु नै पहिलो आवश्यकता हो ।' उनले शनिबार आयोजित पत्रकार सम्मेलनमा विशेष जोड दिएर भने, 'भीडभाड जुलुस गर्दा सावधानी नपनाउँदा सङ्क्रमण बढ्छ ।'

परिवारका एक सदस्यमा सङ्क्रमण भएका खण्डमा ज्येष्ठ नागरिक, दीर्घरोगी, सुत्केरी, बालबालिकालाई पनि बढी जोखिम हुनसक्छ । रोग सरेको खण्डमा त्यसले परिवार, समाज र राष्ट्रलाई पार्ने जोखिम असाध्यै ठूलो मूल्य चुकाउनुपर्ने हुन जान्छ । शहरी क्षेत्रमा कोरोनाको सङ्क्रमण फैलिएको खण्डमा बस्ती पूरै सिल गर्नुपर्ने र त्यसले आर्थिक तथा सामाजिक क्षेत्रमा समेत ठूलो प्रभाव पर्ने जानकारी दिँदै प्रवक्ता डागौतमले परिस्थितिलाई विशेष ख्याल गर्नसमेत आग्रह गरे । उनले सामाजिक दूरी कायम नगर्दा वा लापरवाही गर्दा निम्तने परिणाम भयावह हुने भएकाले अनावश्यकरुपमा भीडभाड नगर्न अनुरोध गर्दै विशेष सावधानी अपनाउन आग्रह गर्नुभयो । कूल ७२ जिल्लामा फैलिएको सङ्क्रमणका कारण जनजीवन सामान्य बनाउन ठूलो मेहनत गर्नुपरेको छ । भीडभाड वा जुलुसका कारण अग्रपङ्क्तिमा खटिएका स्वास्थ्यकमी, सुरक्षाकमी तथा अत्यावश्यक सेवामा खटिएका कर्मचारी बढी सङ्क्रमति हुनसक्ने मन्त्रालयको भनाइ छ । 'भीडभाड गर्दा त्यसले उत्पन्न गर्ने परिणाम आत्मघाती हुन सक्छ', प्राडा गौतमले भने । हाल कायम रहेको बन्दाबन्दीलाई थप व्यवस्थित बनाउँदै दैनिक सामाजिक क्रियाकलापलाई सञ्चालन गर्न मन्त्रालयद्वारा 'कोभिड-१९ महामारी र व्यवस्थित बन्दाबन्दीमा जनस्वास्थ्य मापदण्ड' तयार गरी लागू गरिएका कारण त्यसलाई पूर्णरुपमा पालना गर्नु नागरिकको कर्तव्य हो । पछिल्ला दिनमा भइरहेका प्रदर्शनले सो मापदण्डकोसमेत बखीलाप गरेको छ । भौतिक दूरी दुई मिटर बढी हुनुपर्ने, मेडिक वा तीन तह भएको मास्क अनिवार्यरुपमा लगाउनुपर्ने भए पनि भीडभाड र प्रदर्शनमा त्यसको कुनै ख्याल गरिएको छैन । यस्तै मन्त्रालयलाई हालसम्म दुई अर्ब ७१ करोड २९ लाख ४७ हजार बराबरको बजेट प्राप्त भएकामा कूल एक अर्ब ५८ करोड ५२ लाख ८३ हजार खर्च भएको उनले जानकारी दिए । सम्पूर्ण विवरण आफूहरुसँग सुरक्षित रहेकोसमेत प्राडागौतमको भनाइ छ ।


NIC ASIA
एन आई सी एशिया बैंक लि.

**NIC ASIA Bank Limited**
Current Interest Rates
*Effective from 1st Ashad 2077, (15th June, 2020)*

**Deposit**

| Savings Deposits | Minimum Balance (NPR) | Interest Rate (% p.a) |
|---|---|---|
| Youth Savings Account | 100 | 3% |
| Sulav Bachat Khata | 500 | 3% |
| Life Savings Account | 10,000 | 3% |
| Happy Savings Account | 1,000 | 3% |
| Shareholder Savings Account | 100 | 3% |
| Share Shuvidha Bachat Khata | 500 | 3% |
| Special Savings Account | 5,000 | 3% |
| Super Special Savings Account | 10,000 | 3% |
| Premium Savings Account | 25,000 | 3% |
| Samrakchyak Bachat Khata | - | 3% |
| Krishak Samriddha Bachat Khata | - | 3% |
| Samajik Surakshya Bachat Khata | - | 3% |
| Social Security Relief Account | - | 3% |
| EPS Korea Bachat Khata | - | 3% |
| Online Bachat Khata | - | 3% |
| Samunnati Bachat Khata | - | 3% |
| Samunnati Plus Bachat Khata | 1,000 | 3% |
| Premium Sammunati Bachat Khata | 1,000 | 3% |
| Karmashil Bachat Khata | - | 3% |
| Little Star Savings Account | 500 | 3% |
| Nari Shakti Bachat Khata | - | 3% |
| Remit Savings Account | 100 | 3% |
| Senior Privileged Saving Account | - | 3% |
| Super Payroll Account | - | 3% |
| Swabalambi Nari Bachat Khata | - | 3% |
| New Premium Sammunati Bachat Khata | 1,000 | 3% |
| Chamatkarik Bachat Khata-Silver | 1,000 | 3% |
| Chamatkarik Bachat Khata-Gold | 25,000 | 3% |
| Chamatkarik Bachat Khata-Diamond | 100,000 | 3% |
| Chamatkarik Jestha Nagarik Bachat Khata-Silver | 1,000 | 3% |
| Chamatkarik Jestha Nagarik Bachat Khata-Gold | 25,000 | 3% |
| Chamatkarik Jestha Nagarik Bachat Khata-Diamond | 100,000 | 3% |
| Chamatkarik Nari Bachat Khata-Silver | 1,000 | 3% |
| Chamatkarik Nari Bachat Khata-Gold | 25,000 | 3% |
| Chamatkarik Nari Bachat Khata-Diamond | 100,000 | 3% |
| Chamatkarik Talab Bachat Khata | - | 3% |
| Chamatkarik Babu Nani Bachat Khata | - | 3% |
| Chamatkarik Bidhyarthi Bachat Khata | - | 3% |
| Chamatkarik Udhyamshil Bachat Khata | 500 | 3% |
| Chamatkarik Baideshik Rojgar Bachat Khata | 500 | 3% |
| Samriddha Nepal Sukhi Nepali Bachat Khata | 100 | 3% |
| Chamatkarik Swarojgar Bachat Khata | - | 3% |
| Babu Nani Bachat Khata | - | 3% |
| Baidesik Rojgar Bachat Khata | 500 | 3% |
| Chamatkarik Bachat Khata | 1,000 | 3% |
| Chamatkarik Online Bachat Khata | - | 3% |
| Udhyamshil Bachat Khata | 500 | 3% |
| Super Chamatkarik Bachat Khata-Silver | 1,000 | 3% |
| Super Chamatkarik Bachat Khata-Gold | 25,000 | 3% |
| Super Chamatkarik Bachat Khata-Diamond | 100,000 | 3% |
| Super Chamatkarik Jestha Nagarik Bachat Khata-Silver | 1,000 | 3% |
| Super Chamatkarik Jestha Nagarik Bachat Khata-Gold | 25,000 | 3% |
| Super Chamatkarik Jestha Nagarik Bachat Khata-Diamond | 100,000 | 3% |
| Super Chamatkarik Nari Bachat Khata-Silver | 1,000 | 3% |
| Super Chamatkarik Nari Bachat Khata-Gold | 25,000 | 3% |
| Super Chamatkarik Bachat Khata-Diamond | 100,000 | 3% |

| | | |
|---|---|---|
| Super Chamatkarik Jestha Nagarik Bachat Khata-Silver | 1,000 | 3% |
| Super Chamatkarik Jestha Nagarik Bachat Khata-Gold | 25,000 | 3% |
| Super Chamatkarik Jestha Nagarik Bachat Khata-Diamond | 100,000 | 3% |
| Super Chamatkarik Nari Bachat Khata-Silver | 1,000 | 3% |
| Super Chamatkarik Nari Bachat Khata-Gold | 25,000 | 3% |
| Super Chamatkarik Nari Bachat Khata-Diamond | 100,000 | 3% |
| Super Chamatkarik Talab Bachat Khata | - | 3% |
| Super Chamatkarik Babu Nani Bachat Khata | - | 3% |
| Super Chamatkarik Bidhyarthi Bachat Khata | - | 3% |
| Super Chamatkarik Swarojgar Bachat Khata | - | 3% |
| Super Chamatkarik Udhyamshil Bachat Khata | 500 | 3% |
| Super Chamatkarik Baideshik Rojgar Bachat Khata | 500 | 3% |
| New Super Chamatkarik Bachat Khata-Silver | 1,000 | 3% |
| New Super Chamatkarik Bachat Khata-Gold | 25,000 | 3% |
| New Super Chamatkarik Bachat Khata-Diamond | 50,000 | 3% |
| New Super Chamatkarik Nari Bachat Khata-Silver | 1,000 | 3% |
| New Super Chamatkarik Nari Bachat Khata-Gold | 25,000 | 3% |
| New Super Chamatkarik Nari Bachat Khata-Diamond | 50,000 | 3% |
| New Super Chamatkarik Jestha Nagarik Bachat Khata-Silver | 1,000 | 3% |
| New Super Chamatkarik Jestha Nagarik Bachat Khata-Gold | 25,000 | 3% |
| New Super Chamatkarik Jestha Nagarik Bachat Khata-Diamond | 50,000 | 3% |
| New Super Chamatkarik Talab Bachat Khata | - | 3% |
| New Super Chamatkarik Babu Nani Bachat Khata | - | 3% |
| New Super Chamatkarik Bidhyarthi Bachat Khata | - | 3% |
| New Super Chamatkarik Baideshik Rojgar Bachat Khata | 500 | 3% |
| New Super Chamatkarik Swarojgar Bachat Khata | - | 3% |
| New Super Chamatkarik Sahaj Bachat Khata | - | 3% |
| New Premium Super Chamatkarik Bachat Khata- Silver | 1,000 | 5% |
| New Premium Super Chamatkarik Bachat Khata- Gold | 25,000 | 5% |
| New Premium Super Chamatkarik Bachat Khata- Diamond | 50,000 | 5% |
| New Premium Super Chamatkarik Jestha Nagarik Bachat Khata- Silver | 1,000 | 5% |
| New Premium Super Chamatkarik Jestha Nagarik Bachat Khata- Gold | 25,000 | 5% |
| New Premium Super Chamatkarik Jestha Nagarik Bachat Khata- Diamond | 50,000 | 5% |
| New Premium Super Chamatkarik Nari Bachat Khata-Silver | 1,000 | 5% |
| New Premium Super Chamatkarik Nari Bachat Khata-Gold | 25,000 | 5% |
| New Premium Super Chamatkarik Nari Bachat Khata-Diamond | 50,000 | 5% |
| New Premium Super Chamatkarik Talab Bachat Khata- Prime | - | 5% |
| New Premium Super Chamatkarik Talab Bachat Khata- Normal | - | 5% |
| New Premium Super Chamatkarik Sahaj Bachat Khata | - | 5% |
| New Premium Super Chamatkarik Babu Nani Bachat Khata | - | 5% |
| New Premium Super Chamatkarik Bidhyarthi Bachat Khata | - | 5% |
| New Premium Super Chamatkarik Baideshik Rojgar Bachat Khata | 500 | 5% |
| New Premium Super Chamatkarik Swarojgar Bachat Khata | - | 5% |

| Individual Fixed Deposit (Upto 1 Year) | Minimum Balance (NPR) | Interest Rate (% p.a.) |
|---|---|---|
| New Premium Super Chamatkarik Individual Fixed Deposit- Silver | 100,000 | 8.25% |
| New Premium Super Chamatkarik Individual Fixed Deposit- Gold | 1,000,000 | 8.25% |
| New Premium Super Chamatkarik Individual Fixed Deposit- Diamond | 2,500,000 | 8.25% |

| LCY Masik Nichhep Khata - Individual | Minimum Balance (NPR) | Interest Rate (% p.a.) |
|---|---|---|
| New Super Chamatkarik Masik Nicchep Khata | 500 | 8.25% |
| New Premium Super Chamatkarik Masik Nichhep Khata-Normal | 500 | 8.25% |
| New Premium Super Chamatkarik Masik Nichhep Khata-Customized | - | 8.25% |

| LCY Fixed Deposit | Minimum Balance (NPR) | Interest Rate (% p.a) | | |
|---|---|---|---|---|
| | | Institutional | | Individual |
| | | Fresh | Renewal | |
| 3 months to 10 years | - | 7% | 7.1% | 8.25% |

**Note:**
1. Interest Payment Frequency - Quarterly
2. In case of LCY Individual Fixed Deposit, additional interest of 0.5% p.a. can be provided by branch manager.
3. Interest rate on Sweep in and Sweep Out facility for opening 3 months Term deposit shall be 8.25% p.a. and additional interest of 0.5% p.a. can be provided by branch manager.
4. All other interest rates shall remain unchanged

**Base Rate: (Baisakh 2077) 8.84%**

बैंक पनि साथी पनि
राम्रो पनि हाम्रो पनि